आज मिति २०८० साल असार २३ गते शनिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | [illegible] | विनोद खत्री | |
| २२ | अवलोकन गर्ने | [illegible] | |

[illegible] २०८०।३।२३

आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय आमचोक, भोजपुर

२०८०।३।२३ अशोक राई अध्यक्ष

**प्रस्तावहरुः**

१. आमचोक चिया तथा कफि सहकारी संस्थाको शेयर वितरणको रकम भुक्तानी सम्वन्धमा
२. आमचोक गाउँपालिकाको प्रशासकीय भवन निर्माणका पेश्की रकम उपलब्ध सम्वन्धमा
३. चिया कफि प्रशोधन केन्द्रको पेश्की रकम भुक्तानी सम्वन्धमा
४. शिक्षा ज्योती भवन निर्माणको तेश्रो रनिङ विल भुक्तानी सम्वन्धमा
५. वालन खानेपानी योजनाको रनिङ विल भुक्तानी सम्वन्धमा
६. डिजल तथा पेट्रोल खरीद सम्वन्धमा
७. वजेट रकमान्तर सम्वन्धमा
८. सडक हेरालुहरुको पारिश्रमिक भुक्तानी सम्वन्धमा
९. नागरिक उपचार कोष सहयोग अनुदान सम्वन्धमा
१०. कृषक पुरस्कार पाउने उत्कृष्ट कृषक छनौट सम्वन्धमा
११. वडा नं ६ को वडा कार्यालय भवनको पेश्की रकम सम्वन्धमा
१२. हात्तिगौंडे वमना छेवा सडक निर्माणको रकम भुक्तानी सम्वन्धमा
१३. किरात राई वान्तावा खिमलाई आर्थिक सहयोग सम्वन्धमा
१४. आर्थिक सहयोग सम्वन्धमा
१५. एस इ इ परिक्षामा उत्कृष्ट छात्र छात्रालाई प्रोत्साहन सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल भई आमचोक गाउँपालिकाको विपन्न परिवारलाई शेयर खरीद तथा वितरण सम्वन्धी मापदण्ड -२०७८ को परिच्छेद ४ को दफा ७ वमोजिम छनौट भएको विपन्न परिवारहरुलाई सोहि मापदण्डको दफा ४ वमोजिमको सिफारिस समितिवाट कार्यपालिकामा सिफारिस भइ मापदण्डको दफा ४ को उपदफा (५) वमोजिम कार्यपालिकाले स्वीकृत गरी मापदण्डको दफा ८ वमोजिमको सम्झौता अनुसार दफा ९ वमोजिम शेयर वितरण गरी दफा १० वमोजिम वडा कार्यालयवाट प्रमाणीकरण भइ आए वमोजिम आमचोक गाउँपालिकाको विपन्न परिवारलाई शेयर उपलब्ध गराउनको लागि आ.व.२०७९/८० को आमचोक गाउँपालिकाको गाउँसभावाट विनियोजित आन्तरिक अ.ल्या. शिर्षकको आमचोक चिया तथा कफी सहकारी संस्थाको शेयर विपन्न घर परिवारलाई वितरण शिर्षकको जम्मा रकमवाट जम्मा ३७६ जनालाई शेयर वितरण गरेवापत प्रति व्यक्ति रु.९०००। को दरले जम्मा रु. ३३८४०००। ( अक्षेरुपी रु.तेत्तिसलाख चौरासी हजार मात्र) तपशिल वमोजिम आमचोक चिया तथा कफि सहकारी संस्थालाई भुक्तानी दिने ।

| वडा नं. | शेयर सदस्य संख्या | रकम | जम्मा रकम |
|---|---|---|---|
| १ | ४० | ९००० | ३६०००० |
| २ | २८ | ९००० | २५२००० |
| ३ | ३९ | ९००० | ३५१००० |
| ४ | ४० | ९००० | ३६०००० |
| ५ | २२ | ९००० | १९८००० |
| ६ | ३६ | ९००० | ३२४००० |
| ७ | २६ | ९००० | २३४००० |
| ८ | ४५ | ९००० | ४०५००० |
| ९ | ५६ | ९००० | ५०४००० |
| १० | ४४ | ९००० | ३९६००० |
| जम्मा | ३७६ | | ३३८४००० |

२०८०/३/२३

प्रमुख प्रशासकीय अधिकृत

२०८०/३/२३

अशोक राई
अध्यक्ष

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल भई मिती २०८०/०२/१६ मा IFB NO.: ARM/NCB/WORKS/01/2079-80 "CONSTRUCTION OF AAMCHOWK RURAL MUNICIPALITY ADMINISTRATIVE BUILDING" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र महतो/ईम्पेरियल/चेतना जे भि बिच सम्झौता भएको र स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 अनुसार सम्झौता रकमको २०% रकम दुई किस्ता (पहिलो किस्ता १०% र दोस्रो किस्ता १०% ) गरेर दिने भनिएकोमा उक्त निर्माण कम्पनी बाट मिती २०८०-०२-१८ गते पेश्की रकम माग गरी नबिल बैङ्क जनकपुर शाखा बाट बैङ्क जमानत पत्र नं 23CAPH4NPR00086 र 23CAPH4NPR00085 बाट जम्मा रु १,५०,००,०००।– (अक्षेरूपी रु एक करोड पचास लाख मात्रको) जमानत पत्र पेश गरेको हुदा उक्त निर्माण कम्पनिसँग भएको सम्झौता को स्पेशियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 बमोजिमको पहिलो किस्ता १०% रकम भुक्तानी भईसकेको र उक्त निर्माण कम्पनीले साईट भिजिट गरि कार्य तालिका, ईन्सुरेन्स पेश गरेको हुदा दोश्रो किस्ता सम्झौताको १०% रकम सार्बजनिक खरीद ऐन २०६३ को दफा ५२(क) तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ बमोजिम तपशिल वमोझिम भुक्तानी दिने ।

तपशिल

- सम्झौता रकम : रु ८,५४,४७,७६०।४४
- मु.अ.क बाहेक : रु ७,५२,३७,१०२।-
- पेश्की जम्मा (२०%): १,५०,४७,४२०।-
- हाल भुक्तानी गर्नु पर्ने रकम (१०%) : रु ७५,२३,७१०।-

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल भई मिती २०८०/०२/०२ मा IFB NO.: ARM/NCB/WORKS/02/2079-80 "CONSTRUCTION OF TEA FACTORY IN AAMCHOWK" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र र अन लाईट बुईल्डर्स प्रा.लि काठमाण्डौ बिच सम्झौता भएको र स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 अनुसार सम्झौता रकम रु रु १,३९,४७,४०६।२६ ( अक्षेरूपी रु एक करोड उनन्चालिस लाख सद्चालिस हजार चार सय छ रुपैया छब्बिस पैसा मात्र)को २०% रकम दुई किस्ता (पहिलो किस्ता १०% र दोस्रो किस्ता १०% ) गरेर दिने भनिएको र स्पेशियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 बमोजिम उक्त निर्माण कम्पनीले नबिल बैङ्क भोजपुर शाखा बाट बैङ्क जमानत पत्र नं 22CAPI8NPR000019 बाट जम्मा रु २७,८०,०००।– (अक्षेरूपी रु सत्ताईस लाख असि हजार मात्रको) जमानत पत्र पेश गरि उक्त निर्माण कम्पनीलाई पहिलो किस्ताको १०% रकम रु १३,९४,७४०।६३ (अक्षेरुफि रु तेह्र लाख चौरानब्बे हजार सात सय चालिस रुपैया बैसठ्ठी पैसा मात्र) र दोस्रो किस्ता १०% रकम रु १३,८५,२५९।३७ (अक्षेरुफि रु तेह्र लाख पचासि हजार दुई सय उनान्साठ्ठी रुपैया सट्रिस पैसा मात्र) गरि सार्बजनिक खरीद ऐन २०६३ को दफा ५२(क) तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ बमोजिम भुक्तानी गरिसकिएको तर ट्रसको कार्य धेरै भएको हुदा ट्रस खरीद गरी साईट सम्म ढुवानी गर्नका लागि अन्य थप रकम पेश्की आवश्यक पर्ने भनी निर्माण कम्पनीबाट पेश्की थप सम्बन्धि माग निवेदन र उक्त पेश्की ६ महिना भित्र भुक्तानी गरिसक्ने गरी प्रतिबद्दता पत्र समेत पेश गरेको हुनाले गर्दा रु ७२,००,०००।– (अक्षेरूपि रु बहत्तर लाख मात्र) को बैङ्क जमानत पत्र समेत राखी समयमा पेश्की फर्छौट गरि नसकेको अवस्थामा बैङ्क जमानत पत्रबाट पेश्की रकम फिर्ता गर्नेगरी पेश्कीरु रु ७२,००,०००।–(अक्षेरूपि रु बहत्तर लाख मात्र) भुक्तानी दिने।

**निर्णय नं. ४**.

प्रस्ताव नं.४ माथि छलफल भई मिति २०७८/१२/१७ मा ठेक्का नं:ARM/NCB/WORKS/01/2078-79 "CONSTRUCTION OF SIKSHYAJYOTI PRIMARY SCHOOL BUILDING " कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र हिवा निर्माण सेवा बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसायबाट तेश्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन अनुसारको तपशिल वमोजिम भुक्तानि दिने ।

- सम्झौता रकमः रु. ५२,२४,०८७।५० ( मु.अ. क बाहेक)
- यस बिल बाट आएको रकमः रु. १७,२४,८२४।५
- मु.अ.क (१३ %) : रु.२,२४,२२७।१८५
- Ps: रु ,७१,०००।-
- जम्मा रकम मु अ क सहितः रु २०,२०,०५१।६८
- कन्टिनजेनसि (३%) : रु. ६०,६०१।५५
- जम्मा खर्च रकमः रु. २०,८०,६५३।२३
- धरौटि कट्टि रकम(५%) : रु. ८६,२४१।२२
- अग्रिम आय कर (१.५%) :रु २५,८७२।३६
- अन्य कर : रु ६७,२६८।१५
- भुक्तानि हुने रकम : रु. १८,४०,६६९।९४

२०८०।३।२३ प्रमुख प्रशासकीय अधिकृत

३-४-..३ ०८०।३।२३ अशोक राई अध्यक्ष

**निर्णय नं. ५**
प्रस्ताव नं.५ माथि छलफल भई मिति २०७८/१२/१७ मा ठेक्का नं:ARM/NCB/WORKS/01/2078-79 "BALAN KHANEPANI YEK GHAR YEK DHARA"" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र आर एण्ड आर आर निर्माण सेवा को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट पहिलो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्यांकन तयार गरि तपशिल अनुसारको रकम भुक्तानि दिने

तपशिल

- सम्झौता रकमः रु. ,,९३,७४०।६४ ( मु.अ. क सहित)
- पहिलो रनिङ बिल बाट आएको रकमः रु. १६,५०,२२६।६४
- मु.अ.क (१३ %) : रु.२,१४,५२९।४६३
- जम्मा रकम मु अ क सहितः रु १८,६४७५६।१०३
- कन्टिनजेनसि (३%) : रु. ५५,९४२।६८
- जम्मा खर्च रकमः रु. १९,२०,६९८।७८
- पेश्कि कट्टि : रु. ५,००,०००।-
- धरौटि कट्टि रकम(५%) : रु. ८२,५११।३३२
- अग्रिम आय कर (१.५%) :रु २४,७५३।३९
- अन्य कर : रु ६४,३५८।८३
- भुक्तानि हुने रकम : रु. ११,९३,१३२।५३

**निर्णय नं. ६**
प्रस्ताव नं.६ माथि छलफल भई स्वास्थ्य तर्फको शसर्त वजेटवाट स्वास्थ्य शाखा र स्वास्थ्य इकाइहरुको प्रयोजनको लागि श्री रंगलक्ष्मी आयल सप्लायर्स प्रालिसंग रु. ५,८८,५६३।(अक्षेरुपी पाँचलाख अठासीहजार पाँचसय त्रिसठ्ठी रुँपैयाको ) डिजल तथा पेट्रोल खरीद गर्ने ।

**निर्णय नं. ७**
प्रस्ताव नं.७ माथि छलफल भई आर्थिक वर्ष २०७९/८० को अन्तिम त्रैमासिकको नेपाल सरकार वित्तिय समानिकरण अनुदान र प्रदेश सरकार वित्तिय समानिकरण अनुदानको ५०% रकम कट्टा भइ आएकोले सो शिर्षक अन्तर्गत सम्झौता भइ कार्य सम्पन्न भएको योजना तथा कार्यक्रमहरुको भुक्तानी आन्तरिक तर्फ अल्या तर्फको समपुरक कोष शिर्षकवाट रकमान्तर गरि भुक्तानी दिने ।

**निर्णय नं. ८**
प्रस्ताव नं.८, माथि छलफल भई आर्थिक वर्ष २०७९/८० को वर्षा याम्मा मौसमको कारण सडकहरु अवरुद्ध भई २२ जना हेरालुहरुलाई एक महिना काममा लगाए वापतको रकम रु. ३३६०००। ( अक्षरुपी तिन लाख छत्तिसहजार मात्र) सडक हेरालुहरुको पारिश्रमिक भुक्तानी दिने ।

**निर्णय नं ९** प्रस्ताव नं.९ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को को दफा ९ को उपदफा(१) वमोजिम पालिकास्तरीय सिफारिस उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिकको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम नेपाल सरकार वित्तिय समानीकरण अनुदानको गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००। (अक्षेरुपी एकलाख मात्र) का दरले उपलव्ध गराउने ।

| क्र.सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरिक्ता/जन्म दर्ता प्र प नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएको वा उपचारत रहेको अस्पताल |
|---|---|---|---|---|---|
| १ | शिव माया राई (५५ वर्ष) | आमचोक-६,भोजपुर | ना प्र प नं.१५२९/१०४/५३९१ भोजपुर | Carcinoma of Lower lip , ( क्यान्सर) | वि पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान,,धरान |

प्रमुख प्रशासकीय अधिकृत २०८०/३/२३

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालन, भोजपुर

२०८०/३/२३

अध्यक्ष

**निर्णय नं १०**

प्रस्ताव नं.१० माथि छलफल भई कृषक पुरस्कार पाउने उत्कृष्ट कृषक छनौट सम्वन्धमा "उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९" दफा ५ वमोजिम उत्कृष्ट कृषक पुरस्कार छनौट समितिद्वारा दफा ४ वमोजिम सिफारिस भइ आएका तपशिल वमोजिमको उत्कृष्ट कृषकहरुलाई कार्यविधिको अनुसूचि १ अनुसार छनौट गरी तपशिल वमोजिमको नगद पुरस्कार र प्रमाणपत्रद्वारा सम्मान गर्ने ।

तपशिलः

| क्र.स. | कृषकको नाम | ठेगाना | बालिको नाम | संख्या | रकम रु |
|---|---|---|---|---|---|
| १ | प्रेम कुमार राई | आमचोक-६ | किवी | २०० | २०००० |
| २ | बिन्द्रमाया खड्का | आमचोक-२ | किवी | १५१ | १५००० |
| ३ | मिन वहादुर वस्नेत | आमचोक-४ | किवी | १३० | १०००० |
| ४ | निर ब. राई | आमचोक-१० | एभोकाडो | २०० | १५००० |
| ५ | सकुनी राई | आमचोक-९ | ड्रागन फ्रुट | ४०४ | १५००० |
| ६ | धन वहादुर श्रेष्ठ | आमचोक-९ | भूई कटर | २००० | २०००० |
| ७ | मैया मगर | आमचोक-८ | भुईकटहर | ३००० | २०००० |
| ८ | शिव खत्री | आमचोक-४ | आँप | ६०० | २०००० |
| ९ | देवी प्रसाद राई | आमचोक-४ | लिची | १०० | १५००० |
| १० | कृष्ण ब.बिष्ट | आमचोक-२ | चिया | ३००० | १५००० |
| ११ | गौतम राई | आमचोक-१ | कागती | ७५१ | २०००० |
| १२ | हिरा राई | आमचोक-१० | कागती | ७०० | १५००० |
| १३ | नरेन्द्र तामाङ | आमचोक-७ | टिमुर | १५० | १५००० |
| १४ | थिर ब.विश्वकर्मा | आमचोक-८ | टिमुर | १५० | १५००० |
| १५ | पदम माया कामी | आमचोक-१० | केरा | ३०० | १५००० |
| १६ | घनश्याम थापा | आमचोक-१० | केरा | २०० | १०००० |
| १७ | मोहन मगर | आमचोक-९ | रुद्राक्ष | १५० | १५००० |
| १८ | मंगल सिं राई | आमचोक-४ | रुद्राक्ष | १४० | १५००० |
| १९ | धन कुमार राई | आमचोक-३ | बंगुर पालन | १५ माउ | १५००० |
| २० | मिलन पौडेल | आमचोक-८ | बाख्रा पालन | १७२ गोटा | १५००० |
| २१ | चक्र ब. मगर | आमचोक-९ | गाई | १२ माउ | १५००० |
| २२ | नर ब. दाहाल | आमचोक-५ | भैसी | ५ माउ | १०००० |
| २३ | डम्वर वहादुर मगर | आमचोक-९ | मोरी घार | २६ घार | १५००० |
| २४ | सम्सेर कवँर | आमचोक-३ | मौरी पालन | १६ घार | १०००० |
| २५ | वम वहादुर राई | आमचोक-१ | मोरी घार | १६ घार | १०००० |
| २६ | जय नारायण राई | आमचोक-४ | मोरी घार | १६ घार | १०००० |
| | जम्मा | | | | ३८५००० |

**निर्णय नं ११**

प्रस्ताव नं.११ माथि छलफल भई मिती २०८०/०३/२२ मा IFB NO.: ARM/NCB/WORKS/0/2079-80 "CONSTRUCTION WARD OFFICE BUILDING AT AAMCHOWK 6" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र मुकुल निर्माण सेवा भोजपुर बिच सम्झौता भएको र स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 अनुसार सम्झौता रकम रु ६५,६६,२५९।८५ ( अक्षेरुपी रु पैसठ्ठी लाख छैसठ्ठी हजार दुई सय उनान्साठ्ठी रुपैयां पचासी पैसा मात्र)को १०% रकम दिने भनिएकोमा उक्त निर्माण कम्पनी बाट पेश्की रकम माग गरी बैङ्क जमानत पत्र पेश गरेको हुदा सम्झौता रकमको १०% रकम पेश्की रकम तपशिल वमोजिम सार्बजनिक खरीद ऐन २०६३ को दफा ५२(क) तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ बमोजिम उपलव्ध गराउने ।

तपशिल

- सम्झौता रकम : रु ६५,६६,२५९,८५
- सम्झौता रकमः ६,५६,६२५।-
- पेश्की जम्मा (१०%): रु ६,५६,६२५।-

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

२०८०/३/२३

८०/३/२३

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई अध्यक्ष

**निर्णय नं १२**
प्रस्ताव नं.१२ माथि छलफल भई हात्तिगौंडे वमना छेवा सडक निर्माण कार्यको रु.२०००००।(दुइलाख) रकमको सम्झौता भइ काम सम्पन्न भएको र हिउँदे गाउसभावाट विनियोजित थप तीनलाख रकमको पनि केहि काम भएकोले प्राविधिक मुल्याङ्कन वमोजिम जम्मा रु.१०३३३६( अक्षेरुपी एकलाख तीनहजार तीनसय छत्तिस) मात्र उपभोक्ता समितिको नाम्मा भुक्तानी दिने ।

**निर्णय नं १३**
प्रस्ताव नं.१३ माथि छलफल भई किरात राई वान्तवा खिम केन्द्रीय कार्य समितिले मातृभाषा पाठ्यक्रम निर्माण गरी विद्यालयहरुमा पठनपाठन गराउनको लागि पाठ्यक्रम निर्माण सम्वन्धी शिक्षक र भाषा विज्ञहरु भेला गरि भाषा निर्माण गर्नको लागि रु.५००००। (अक्षेरुपी पचासहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

**निर्णय नं १४**
प्रस्ताव नं.१४ माथि छलफल भई माग भइ आए वमोजिम तपशिल वमोजिमको व्यक्तिहरुलाई आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक ३ निवासी मनिकुमार राईको श्रीमती वर्तकला राईको गंगलाल अस्पतालमा मुटुको सल्याकृया भइ हाल नियमिति औषधि सेवन गर्नु पर्ने भएको अस्तालको रेकर्ड र आर्थिक अवस्था कम्जोड भएकोले वडाको सिफारिसको आधारमा रु.२५०००।(अक्षेरुपी पच्चिसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ख) आमचोक ७ निवासी सहरमान राईको छोरा भोटमान राईको वर्षातको कारण घरमा क्षेती पुगी ५० हजारको क्षेती भएको प्रहरीको सर्जिकमिन मुचुल्का र वडा कार्यालयको सिफारिसको आधारमा रु.१००००।( अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ग) आमचोक ४ निवासी गोविन्द वहादुर कार्कीको छोरा राज कुमार कार्की मानसिक सन्तुलन ठीक नभएकोले उपचार गर्नको लागि रु.१००००।(दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

**निर्णय नं १५**
प्रस्ताव नं.१५ माथि छलफल भई आमचोक गाउपालिकाको सामुदायिक विद्यालयहरु मध्ये यस आर्थिक वर्ष एस.इ.इ. परिक्षामा उत्कृष्ट तपशिल वमोजिमको १ जना छात्र र १ जना छात्रालाई प्रोत्साहन स्वारुप रु.१००००/१००००/ नगद पुरस्कार र प्रमाणपत्रका साथ सम्मान गर्ने ।

- छात्रतर्फः सरस्वती मा.वि.दुम्मानाका श्री शिव संकर यादव
- छात्रातर्फः पञ्चकन्या मा.वि.वासिङ्थर्पूका श्री प्रकृती कार्की

प्रमुख प्रशासकीय अधिकृत
२०८०/३/२३

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

०८०/३/२३
अशोक राई
अध्यक्ष